२०७८ साउन २२ गतेको
आदर्श समाज राष्ट्रिय दैनिकमा
प्रकाशित

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
परियोजना कार्यान्वयन इकाई
**पोखरा, कास्की**

मिति:२०७८/०४/२२

**विषय: कार्यक्रम माग तथा सुचिकृत सम्बन्धमा**

आ.व.२०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कास्की अन्तर्गत तपसीलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले परियोजनाको कार्यक्षेत्रका आ.व.२०७३/७४ देखि २०७७/७८ सम्म यस कार्यान्वयन इकाईमा सुचिकृत भईसकेका व्यवसायिक तरकारी खेती गर्ने इच्छुक कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात (मिति २०७८ साल भदौ २० गते भित्र) यस कार्यान्वयन इकाईमा तोकिएको ढाँचा अनुसार निवेदन दर्ता गर्नुहुन र सुचिकृत हुन छुटेका कृषक समूह/सहकारी/संस्था/समिति र कृषि उद्यमीहरुले अनिवार्य रुपमा यस कार्यालयमा सुचिकृत भई सोहि अवधिभित्र (२०७८/०५/२० सम्म) कार्यक्रम माग गर्नका लागि निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपसिल:**

**१. तरकारी सुपरजोनको कार्यक्षेत्र:**

| | |
|---|---|
| पोखरा महानगरपालिकाका | सबै वडाहरु |
| रुपा गाउँपालिका | वडा नं ५, ६ र ७ |
| मादी गाउँपालिका | वडा नं ५,७ र १२ |
| अन्नपूर्ण गाउँपालिका | वडा नं १,२,३ र ६ |
| माछापुच्छ्रे गाउँपालिकाका | वडा नं २,३ र ४ |

**२. कार्यक्रमहरु:**

| क्र.सं. | कार्यक्रमहरुको नाम | लक्ष्य | बजेट(रु लाखमा) |
|---|---|---|---|
| १ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ३ संख्या | १५ |
| २ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग | १ पटक | १२ |
| ३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ पटक | ४० |
| ४ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | ३५ संख्या | ५२.५ |
| ५ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | १ संख्या | १२ |
| ६ | सौर्य उर्जामा आधारित सिंचाई प्रणाली जडान | ४ संख्या | २४ |
| ७ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | ४ संख्या | ८ |
| ८ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ३ संख्या | ३० |
| ९ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन ७५%अनुदान | २ संख्या | १० |
| १० | अस्थाइ प्लाष्टिक घर निर्माण | १६० संख्या | ९६ |
| ११ | असिनाजन्य क्षति नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा जाली बितरण | १५० संख्या | १२ |
| १२ | तरकारी क्षेत्र विस्तार | २०० हे. | ६० |
| १३ | सहभागितात्मक कृषि प्रविधि सिकाई तथा प्रदर्शनी केन्द्र | १ संख्या | २० |
| १४ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | २ पटक | १० |

**नोट:**

- पूर्वाधार निर्माणको लागि अधिकतम ८५% र यन्त्र उपकरण तथा अन्य उत्पादन सामग्रीमा अधिकतम ५०% अनुदान सहयोग हुनेछ।
- अस्थाइ प्लाष्टिक घर निर्माण कार्यक्रम अन्तर्गत समुह/सहकारीबाट कार्यक्रम माग गर्दा न्यूनतम ५ संख्या र निजी फर्मबाट माग गर्दा न्यूनतम ३ संख्या माग गर्नुपर्ने।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु १०को हुलाकको टिकट सहितको निवेदन

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नं र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(३) कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमीन) को विवरण वा भाडाको जग्गा भएमा कम्तिमा ५बर्षको सम्झौतानामा।

(४) निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

(५) कृषि समूह/सहकारी/संस्था/समितिको कार्यक्रम माग सम्बन्धि सो संस्थाले गरेको निर्णयको प्रतिलिपि।

(६) कार्यालयले उपलब्ध गराएको फाराम अनुसारको प्रस्ताव ।

सुचिकृत हुन पेश गर्नुपर्ने कागजात:

(१) रु १०को हुलाक टिकट सहितको निवेदन

(२) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि

(३) कृषि समूह/सहकारी/संस्था/समिति र उद्यमी कृषकको संस्था/उद्यम दर्ता, नवीकरण, स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(४) कम्तिमा ३ रोपनि जग्गामा व्यवसायिक तरकारी खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि (जग्गा भाडामा लिएको भए जग्गा धनिसंग कम्तिमा ५ बर्षको लागि सम्झौता भएको प्रमाणको प्रतिलिपि


थप जानकारीको लागि

सम्पर्क: ०६१-४६२४८८,०६१-४६७४४३, ९८५६००७१०१, ९८५६००७१००

इमेल:pmamp.piu.kaski@gmail.com

वेभ पेज:www.piukaski.pmamp.gov.np


अजय अधिकारी
वरिष्ठ कृषि अधिकृत